

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर ६ गते मंगलबार ❑ 22 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-




मत गणनाः कास्की निर्वाचन क्षेत्र नं १ को मत गणना गर्दै कर्मचारी । तस्विरः वासुदेव पौडेल/रासस

## स्याङ्जा-२ मा मतगणना हुन सकेन

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ५ मंसिर**

स्याङ्जा क्षेत्र नं २ मा अहिलेसम्म मतगणना सुरु हुन सकेको छैन । नेकपा (एमाले) लगायतका दलले नेपाली कांग्रेसले चापाकोट नगरपालिकाका चार बुथमा धाँधली गरेको आरोप लगाउँदै पुनःमतदानको माग गरेपछि मतगणना हुन नसकेको हो ।

चापाकोट नगरपालिकाको वडा नं ३, ४ र ५ का दिसिङकोट आधारभूत विद्यालय कमिरे, राममन्दिर माध्यमिक विद्यालय दार्सिङ, दिनदयालु आधारभूत विद्यालय र जनसक्रिय आधार भूत विद्यालय चिदीपोखरी मतदान केन्द्रमा कांग्रेसले बुथ कब्जा गरी एकलौटी मतदान गरेको आरोप एमालेको छ ।

बुथ कब्जा गरी मतदान भएका मतदानस्थलमा पुनः मतदान नहुँदासम्म मतगणना कार्यमा सहभागी नहुने दाबी गर्दै एमाले निकट नेता कार्यकर्ताले अहिले वालिङस्थित निर्वाचन अधिकृतको कार्यालयमा विरोध प्रदर्शन गरिरहेका छन् । सोमबार नै एमालेलगायत अन्य दल तथा स्वतन्त्र उम्मेदवारले संयुक्त पत्रकार सम्मेलन गरी पुनःमतदान गर्नुपर्ने माग गरेका थिए । स्याङ्जा क्षेत्र नं. २ मा नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङ र नेकपा (एमाले) की केन्द्रीय सचिव पद्माकुमारी अर्यालबीच मुख्य प्रतिस्पर्धा हुने आँकलन गरिएको छ । स्याङ्जा क्षेत्र नं १ मा अहिले मतगणना जारी रहेको छ ।

## मुस्ताङमा कांग्रेसका योगेश विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ मंसिर**

मुस्ताङबाट प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसका योगेश गौचन थकाली निर्वाचित हुनुभएको छ ।

निवर्तमान सांसद नेकपा (एमाले)का केन्द्रीय सदस्य प्रेमप्रसाद तुलाचनलाई नौ सय १४ मतान्तरले पछि पार्दै २९ वर्षीय गौचन प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको हो ।

मुख्य निर्वाचन अधिकृत ईश्वर पराजुलीले गौचनले तीन हजार नौ सय ९२ र एमालेका तुलाचनले तीन हजार ७८ मत प्राप्त गरेका जानकारी दिनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टीका सुदेश गुरुङले ८७ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रवीणकुमार शेरचनले १३ मत प्राप्त गर्नुभएको छ । आइतबार भएको चुनावमा मुस्ताङमा १० हजार नौ सय ५७ मतदातामध्ये सात हजार दुई सय ३० अर्थात् ६५ दशमलव ९८ प्रतिशत मत खसेको थियो । योगेश सम्भवतः कान्छो प्रतिनिधिसभा सदस्य बन्नुहुनेछ । गौचन मुस्ताङको थासाङ गाउँपालिका-३ लेते



कालोपानीका बासिन्दा हुनुहुन्छ ।

यसैगरी मुस्ताङको प्रदेशसभा (१) मा गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका नम्डु गुरुङ विजयी हुनुभएको छ ।

गुरुङ नेकपा (एमाले)का इन्द्रधारा विष्टलाई दुई सय ५५ मतान्तरले पराजित गर्दै विजयी बन्नुभएको हो । गुरुङले एक हजार ४८ मत पाउँदा निकटतम प्रतिस्पर्धी विष्टले सात सय ९३ मत ल्याउनुभएको थियो । खसेको मतमध्ये १४ मत बदर भएको थियो । अहिले प्रदेशसभा (२) को मतगणना जारी छ ।

यसैगरी हिमालपारिको जिल्ला मुस्ताङको प्रदेशसभा (२)मा नेपाली कांग्रेसका विकल शेरचन विजयी बन्नुभएको छ । शेरचनले नेकपा एमालेका चन्द्रमोहन गौचनलाई एक सय ५८ मतले पराजित गर्नुभएको हो । दुई हजार सात सय २३ मत सहित शेरचन विजयी बन्दा उहाँका निकटतम प्रतिस्पर्धी एमालेका गौचनले दुई हजार पाँच सय ६५ मत प्राप्त गर्नुभएको थियो । नेकपा एमालेका जिल्ला अध्यक्ष गौचन २०७४ सालको निर्वाचनमा समानुपातिकतर्फ प्रदेशसभा सदस्य हुनुहुन्थ्यो । मुस्ताङमा प्रतिनिधिसभा तथा प्रदेशसभामा प्रत्यक्षतर्फका सबै स्थानमा कांग्रेस विजयी बनेको छ ।

## मनाङबाट कांग्रेसका टेकबहादुर गुरुङ निर्वाचित

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ मंसिर**

हिमाली जिल्ला मनाङबाट प्रतिनिधि सभा सदस्यमा नेपाली कांग्रेसका टेकबहादुर गुरुङ निर्वाचित भएका छन् ।

गुरुङले ३ सय २८ मतान्तरले नेकपा एमालेका पोल्देन छोपाङ गुरुङलाई हराउँदै निर्वाचित भएका हुन् । कांग्रेसका गुरुङले २ हजार ५ सय ७५ मत ल्याएका छन् । एमालेका गुरुङले २ हजार २ सय ४७ मत ल्याएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

यसअघि प्रदेश सभा 'क' मा नेपाली कांग्रेसका मुनिन्द्रजङ



गुरुङ निर्वाचित भइसकेका छन् । यस्तै, प्रदेश सभा 'ख' मा स्ततन्त्र उम्मेदवार राजिव गुरुङ (दिपक मनाङे) निर्विरोध भएका थिए ।

मनाङमा ७१ दशमलब ४७ प्रतिशत मत खसेको छ । कूल मतदाता ६ हजार ७ सय ७९ रहेकोमा रिपोर्ट अनुसार ४ हजार ८ सय ४५ मत खसेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

## तनहुँ क्षेत्र नं २ मा गठबन्धनको अग्रता

**पोखरापत्र संवाददाता**
**दमौली, ५ मंसिर**

तनहुँ क्षेत्र नं २ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवारले अग्रता लिएका छन् ।

व ा म लोकतान्त्रिक गठबन्धनका तर्फबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार नेपाली कांग्रेसका शङ्कर भण्डारी र प्रदेश १ मा नेकपा (माओवादी) केन्द्रका राजेन्द्रकेशरी न्यौपानेले अग्रता लिनुभएको छ । कूल १० हजार छ सय ४१ मतगणना सकिँदा भण्डारीले चार हजार आठ सय ८८ मत प्राप्त गर्नुभएको छ । पूर्ववनमन्त्री रहनुभएका भण्डारीलाई नेकपा (माओवादी) केन्द्र)को समर्थन छ । प्रतिस्पर्धी नेकपा (एमाले) का किरण गुरुङले तीन हजार छ सय ९३ मत प्राप्त गर्नुभएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका विजय जोशीले सात सय ८२, हाम्रो मौलिक पार्टीका विष्णु पराजुलीले एक सय ७६ मत प्राप्त गर्नुभएको छ । तनहुँ-२ प्रदेशसभा (१) मा नेकपा (माओवादी) केन्द्रका राजेन्द्रकेशरी न्यौपानेले अग्रता लिइरहनुभएको छ । न्यौपानेले एक हजार तीन सय १३ मत प्राप्त गर्दा प्रतिस्पर्धी एमालेका श्यामराजा महतले नौ सय ९८ मत प्राप्त गर्नुभएको छ ।

## प्रतिनिधिसभा गोरखा क्षेत्र नं २ को मतगणना सुरु

**पोखरापत्र संवाददाता**
**गोरखा, ५ मंसिर**

मतदान सम्पन्न भएको झन्डै २७ घण्टापछि प्रतिनिधिसभा गोरखा क्षेत्र नं २ को मतगणना आज साँझ अबेर पछि सुरु भएको छ ।

गोरखा नगरपालिका-९ दलभन्ज्याङस्थित भू तथा जलाधार व्यवस्थापन कार्यालय, कार्यान्वयन एकाइको भवनमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा मतगणनाको सुरु भएको सहायक निर्वाचन अधिकृत शिव रेग्मीले जानकारी दिनुभयो । बिहान ११ बजेदेखि सुरु गरिने भनिएको मतगणना ढिलो गरी सुरु भएको हो । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले केही मतदान केन्द्रमा मतदानका क्रममा धाँधली भएको भन्दै विरोध जनाएका कारण सर्वदलीय सहमति कायम ढिलाइ हुँदा मतगणना सुरु गर्न ढिलाइ भएको थियो । अहिले तीनवटा गाउँपालिकाका मतपत्र मिसाएर गणना सुरु गरिएको उहाँले बताउनुभयो ।

गोरखा क्षेत्र नं २ मा कूल मतदाता सङ्ख्या एक लाख पाँच हजार दुई सय ४० जना रहेकामा ५३ हजार नौ सय ७८ मत खसेको निर्वाचन कार्यालयले जनाएको छ । उक्त क्षेत्रमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) गठबन्धनबाट प्रतिनिधिसभाको उम्मेदवार रहनुभएको छ ।

त्यस्तै गरी गठबन्धनकै तर्फबाट प्रदेशसभातर्फ २ (१) मा नेपाल समाजवादी पार्टीका फणीन्द्र देवकोटा र २ (२) मा कांग्रेसका तर्फबाट सुरेन्द्रराज पाण्डे उम्मेदवार रहनुभएको छ । अध्यक्ष प्रचण्डका प्रत्याशीका रूपमा एमालेका अब्दुस मियाँ र नेपाल स्वतन्त्र पार्टीका कवीन्द्र बुर्लाकोटी यस क्षेत्रमा चुनावी मैदानमा रहनुभएको छ ।

## कास्की २ मा राष्ट्रिय स्वतन्त्र पार्टीको अग्रता कायमै

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ मंसिर**

कास्की निर्वाचन क्षेत्र नम्बर २ को प्रतिनिधि सभा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## लमजुङ प्रतिनिधिसभाका उम्मेदवार गुरुङको निधन

**पोखरापत्र संवाददाता**
**लमजुङ, ५ मंसिर**

जनता समाजवादी पार्टी (जसपा)बाट लमजुङ प्रतिनिधिसभा सदस्य उम्मेदवार रहनुभएका नरेन्द्र गुरुङको निधन भएको छ ।

केही दिनदेखि अस्वस्थ रही चितवनमा उपचारत गुरुङको सोमबार निधन भएको सो पार्टीका केन्द्रीय सदस्य खेमजङ्ग गुरुङले जानकारी दिनुभयो ।

मर्स्याङ्दी गाउँपालिका-१ घनपोखराका उम्मेदवार गुरुङ अन्दाजी ६२ वर्षको उमेरमा उच्च रक्तचापका कारण निधन हुन पुगेको उहाँको भनाइ छ । शनिबार रक्तचापका कारण बेहोस भएपछि तत्काल बेँसीसहरमा रहेको जिल्ला अस्पतालमा लगे पनि थप उपचारका लागि चितवनमा लगेर उपचार हुँदै आएको थियो ।

जिल्लामा आज दिउँसोदेखि नै मतगणना जारी छ । हालसम्म मतगणना भएको चार हजार नौ सय चार मतगणना हुँदा निधन भएका गुरुङको पक्षमा पाँच भोट प्राप्त भएको मुख्य निर्वाचन अधिकृत शिवप्रसाद खनालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "उहाँको दुःखद निधन भएको अपुष्ट खबर प्राप्त भएको छ, निधन भए पनि मतगणना भने जारी रहन्छ । प्रतिनिधिसभातर्फ उहाँसहित नेकपा (एमाले)का उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, नेकपा (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्वअध्यक्ष बालचन्द्र श्रेष्ठलगायत ११ जना उम्मेदवार रहेका छन् ।

मृतक गुरुङ पार्टीको गण्डकी प्रदेशको सदस्यसमेत हुनुहुन्थ्यो । मृतक गुरुङको श्रीमती चार छोरा छन । बिरामीका कारण आइतबार मतदानसमेत गर्न नपाएको उक्त पार्टीका केन्द्रीय सदस्य गुरुङले बताउनुभयो । उहाँका अनुसार पार्टीका उम्मेदवारको प्रतिनिधि बनेका विकास गुरुङ र बलबहादुर रानालाई मतगणना स्थलबाट फिर्ता बोलाइएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेन्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विश्वकप फुटबलका तीन खेल हुँदै

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर

कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ प्रतियोगिता अन्तर्गत सोमबार तीन खेल हुँदैछ।

कतार विश्वकप फुटबलमा समूह 'ए' अन्तर्गत एक खेल हुनेछ भने समूह बीमा दुई खेल हुँदैछ। पहिलो खेल समूह 'बी' मा रहेका इङ्ल्यान्ड र इरानबीच प्रतिस्पर्धा हुनेछ। उक्त खेल बेलुका ६:४५ बजे सुरु हुनेछ। दुवै टोली जित निकाल्ने लक्ष्यसहित मैदानमा उत्रने छन्।

त्यसैगरी समूह ' बी'अन्तर्गतको अर्को खेलमा अमेरिका र वेल्सबीच प्रतिस्पर्धा हुनेछ। अमेरिका र वेल्सबीचको खेल राति १२:४५ बजे सुरु हुनेछ। त्यस्तै समूह 'ए' मा रहेका सेनेगल र नेदरल्यान्ड्सबीच खेल हुनेछ। उक्त खेल राति ९:४५ बजे सुरु हुनेछ। विश्वकपमा विभिन्न ३२ राष्ट्रले प्रतिस्पर्धा गरिरहेका छन्। यस विश्वकपमा कूल ६४ खेल हुनेछ। प्रत्येक समूहका शीर्ष दुई टोली नकआउट चरणमा पुग्नेछन्।

फिफा विश्वकप फुटबल प्रतियोगिताको आइतबारको उद्घाटन खेलमा इक्वेडरले आयोजक कतारलाई पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको छ। कतारको अल बेयत रङ्गशालामा आइतबार राति सम्पन्न खेलमा इक्वेडरले कतारलाई २-० गोलअन्तरले पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको हो। इक्वेडरको जितमा एनर भ्यालेन्सिया नायक बने। उनले खेलको १७ औं मिनेटमा पेनाल्टीमार्फत पहिलो गोल गर्दै खाता खोले। गोलरक्षक साद अलसिबले पेनाल्टी क्षेत्रभित्र लडाएपछि इक्वेडरले पेनाल्टी प्राप्त गरेको थियो। जसलाई एनरले गोल गर्न सफल भए।

त्यस्तै खेलका ३१ औं मिनेटमा एनरले व्यक्तिगत दोस्रो गोल गर्दा इक्वेडरको जित सुनिश्चत भयो। उनले एन्जेलो प्रेसियाडोको क्रस बललाई सदुपयोग गर्दै गोल गरे। यसपछि थप गोल हुन नसकेपछि खेल इक्वेडरले कतारमाथि २-० को सहज जित हात पार्‍यो। यस खेलसँगै इक्वेडरले शीर्ष तीन अङ्क जोडेको छ।

# ललितपुर २ मा एमालेका प्रेम महर्जन निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर

ललितपुर २ बाट प्रतिनिधिसभा सदस्यमा नेकपा एमालेका प्रेम महर्जन निर्वाचित भएका छन्।

सोमबार राति सकिएको मत गणनाअनुसार महर्जन ९ हजारभन्दा बढी मतान्तरले विजयी भएका हुन्। यद्यपि औपचारिक घोषणा हुन बाँकी छ। एमालेका महर्जनले १९ हजार ८३४ मत पाएका छन् भने दोस्रो स्थानमा हाम्रो नेपाली पार्टीका सुदीन शाक्यले १० हजार ४४० मत पाएका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका बुद्धरत्न महर्जनले १० हजार १३६ मत पाउँदा सत्ता गठबन्धनका साझा उम्मेदवार बनेका एकीकृत समाजवादीका कृष्णलाल महर्जन चौथो भएका छन्। निवर्तमान सांसद समेत रहेका उनले ९ हजार ५३९ मत पाएका छन्।



पोखरा सभागृहमा कास्की क्षेत्र नं २ को मत गणना गरिँदै। तस्बिरः जमुनावर्षा शर्मा/रासस

# इङ्गल्यान्डको सानदार सुरुआत

रासस
काठमाडौं, ५ मंसिर

फिफा विश्वकप फुटबल, २०२२ अन्तर्गत सोमबार भएको समूह 'बी' अन्तर्गतको पहिलो खेलमा इङ्ल्यान्डले इरानलाई पराजित गर्दै प्रतियोगितामा उत्कृष्ट सुरुआत गरेको छ।

कतारको खालिफा इन्टर नेसनल स्टेडियममा भएको खेलमा इङ्ल्यान्डले इरानलाई ६-२ गोलअन्तरले पराजित गर्दै प्रतियोगितामा उत्कृष्ट सुरुआत गरेको हो। विश्वकपको उपाधि दाबेदार मानिएको इङ्ल्यान्डले खेलको पहिलो हाफमा तीन गोल गर्‍यो भने खेलको दोस्रो हाफमा पनि समान तीन गोल नै थप्यो। इङ्ल्यान्डको जितमा बुकायो साकाले दुई गोल गरे भने जुड वेलिङ्घम, रहिम स्टर्लिङ, मार्कस रासफोर्ड र ज्याक ग्रेलिसले एक एक गोल थपे। यता इरानका लागि भने मेहदी तारेमीले दुई गोल फर्काए। खेलको ३५औं मिनेटमा वेलिङ्घमले गोल गर्दै इङ्ल्यान्डलाई सुरुआती अग्रता दिलाए। खेलको ४४औं मिनेटमा साकाले गोल गर्दै इङ्ल्यान्डको अग्रता दोब्बर बनाए। खेलको पहिलो हाफको अत्तिरिक्त समयमा स्टर्लिङले गोल गरेपछि इङ्ल्यान्ड खेलको पहिलो हाफमा ३-० ले अघि रह्यो।

यसैगरी खेलको ६२औं मिनेटमा साकाले व्यक्तिगत दोस्रो गोल गर्दै इङ्ल्यान्डलाई ४-० को अग्रता दिलाए। खेलको ६५औं मिनेटमा इरानका खेलाडी तारेमीले गोल गर्दै खेललाई ४-१ को स्थितिमा ल्याए। खेलको ७१औं मिनेटमा सब्सिच्युड खेलाडीको रुपमा मैदान प्रवेश गरेका रासफोर्डले गोल गर्दै इङ्ल्यान्डलाई ५-१ को अग्रता दिलाए। मैदान प्रवेश गरेको एक मिनेट पनि बित्दै नपाउँदै उनले गोल गरे। खेलको ९० औं मिनेटमा अर्का सब्सिच्युड खेलाडी ग्रेलिसले गोल गर्दै इङ्ल्यान्डलाई ६-१ को अग्रता दिलाए। त्यसपछि खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा इरानका खेलाडी तारेमीले पेनाल्टीबाट व्यक्तिगत दोस्रो गोल गर्दै खेललाई ६-२ को स्थितिमा ल्याए। इङ्ल्यान्डका खेलाडीले पेनाल्टी क्षेत्रमा इरानी खेलाडीलाई फउल गरेपछि पाएको पेनाल्टीमा तारेमीले गोल गरेका थिए।

यस जितसँगै इङ्ल्यान्डले पहिलो खेलमै शीर्ष ३ अङ्क जोडेको छ। इरानले भने हारबाट विश्वकपको सुरुआत गरेको छ। आजै राति १२:४५ बजे समूह बी अन्तर्गतको अर्को खेलमा अमेरिका र वेल्सबीच प्रतिस्पर्धा हुनेछ। त्यसअघि समूह ए मा रहेको सेनेगल र नेदरल्यान्ड्सबीच खेल हुनेछ। उक्त खेल अहिले ९:४५ बजे सुरुआत हुनेछ।

# कास्की-३ मा फराकिलो अग्रता कायम गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर

कास्की क्षेत्र नम्बर ३ मा हालसम्म ६ हजार ४३ मत गणना हुँदा राष्ट्रिय स्वतन्त्र पार्टीका योगराज पौडेलले अग्रता लिएका छन्।

उनले २ हजार ३९६ मत पाउँदा एमालेका दामोदर पौड्यालले १ हजार ५८७ मत पाएका छन्। यस्तै माओवादी केन्द्रका रामजीप्रसाद बराल उम्मेदवारले ९०४ मत पाएका छन् भने राप्रपाका जगतप्रसाद सुवेदी उम्मेदवारले ५२९ मत पाएका छन्। यसैगरी यस क्षेत्रमा प्रदेशसभा ३ (१) मा पाँच दलीय गठबन्धनबाट नेकपा (माओवादी केन्द्र)का दुर्गादत्त भण्डारी, नेकपा (एमाले)बाट गणेशमान गुरुङ तथा ३ (२) मा नेपाली कांग्रेसका प्रकाश बराल, नेकपा (एमाले)का राजीव पहारीलगायतका उम्मेदवार चुनावी मैदानमा रहनुभएको छ।

# लमजुङमा एमाले अगाडि

पोखरापत्र संवाददाता
लमजुङ, ५ मंसिर

आइतबार सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन अर्न्तगत लमजुङमा जारी मतगणनामा नेकपा एमालेको उम्मेदवारले अग्रता लिनुभएको छ।

प्रतिनिधिसभातर्फ नेकपा (माओवादी केन्द्र) का उम्मेदवार देवप्रसाद गुरुङभन्दा नेकपा (एमाले) का उम्मेदवार पृथ्वीसुब्बा गुरुङ चार सय २१ मतले अघि रहनुभएको छ। चार हजार नौ सय चार मतगणना हुँदा उक्त मतले निर्वतमान मुख्यमन्त्री गुरुङले सुरुवाती अग्रता लिनुभएको हो।

मुख्य निर्वाचन अधिकृत शिवप्रसाद खनालका अनुसार एमालेका गुरुङले दुई हजार पाँच सय ९८ मत प्राप्त गर्नुभएको छ। गठबन्धनतर्फबाट माओवादीका उम्मेदवार गुरुङले दुई हजार ८७ मत प्राप्त गर्नुभएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार धर्म केसीले ६७ मत प्राप्त गर्नुभएको छ।

जिल्लामा एक लाख ३३ हजार पाँच सय ५९ मतदातामध्ये ८० हजार नौ सय १७ मत खसेको छ।

जिल्लामा एक प्रतिनिधिसभा निर्वाचन क्षेत्र र दुई प्रदेश निर्वाचन क्षेत्र रहेको छ। प्रदेश '१' मा एमालेका जमिन्द्रमान घलेले तीन सय ७० मत प्राप्त गर्दा गठबन्धनका कांग्रेसका उम्मेदवार डा टकराज गुरुङले पाँच सय ७१ मत प्राप्त गर्नुभएको छ।

प्रदेश '२' तर्फ एमालेका उम्मेदवार कृष्णप्रसाद अधिकारीले एक हजार चार सय ६६ मत प्राप्त गर्नुभएको छ। गठबन्धनबाट कांग्रेसका उम्मेदवार भेषबहादुर पौडेलले सात सय २८ मत प्राप्त गर्नुभएको छ।

# कास्की...

सदस्यका लागि भएको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले अग्रता कायम राखेको छ।

सोमबार वडा नम्बर १५ को मतगणना सकिँदासम्म राष्ट्रिय स्वतन्त्र पार्टीका माधव प्रसाद कँडेलले १६२२ मत ल्याउँदा निकटतम् प्रतिद्वन्दी नेकपा एमालेकी विद्या भट्टराईले १२७६ मत प्राप्त गरेकी छिन्। हालसम्म ५३८६ सदर मत गणना भइसकेको छ।

यस क्षेत्रमा गठबन्धनबाट एकीकृत समाजवादीका श्रीनाथ बराल र राप्रपाका सुवर्णराज पन्तले उम्मेदवारी दिएका थिए। सत्तारुढ गठबन्धन बरालले ८६९ मत प्राप्त गर्दै तेस्रो स्थानमा कायम छन्।


## ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा जथाभावी सवारी साधन पार्किङ नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

*सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड


# तनहुँ क्षेत्र नं १ मा कांग्रेसका पौडेलको अग्रता

पोखरापत्र संवाददाता
तनहुँ, ५ मंसिर

तनहुँ क्षेत्र नं १ मा नेपाली कांग्रेसले अग्रता लिएको छ। प्रारम्भिक मतगणनामा कांग्रेसका रामचन्द्र पौडेलले अग्रता लिनुभएको छ।

प्रारम्भिक चरणमा एक हजार मत गणना भएको छ। पाँच दलीय गठबन्धनका साझा उम्मेदवार पौडेलले चार सय ३९ मत पाउनुभएको छ। नेकपा एमालेका एकबहादुर रानाले दुई सय ४७, राष्ट्रिय स्वतन्त्र पार्टीका विकास सिग्देलले ९४, स्वतन्त्र उम्मेदवार गोविन्दराज जोशीले ७३ मत प्राप्त गर्नुभएको छ।

निर्वाचन क्षेत्र नम्बर १ मा एक लाख २३ हजार ४९० मतदाता रहेकामा ६७ हजार १३० मत खसेको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ। यो ५४.३६ प्रतिशत हो।

तनहुँ-१ कम प्रतिनिधिसभामा १० जना उम्मेदवार प्रतिस्पर्धामा छन्। तनहुँ-१ (१) मा पनि कांग्रेसले नै अग्रता लिएको छ। प्रारम्भिक चार सय मतगणना गर्दा कांग्रेसका अशोककुमार श्रेष्ठले एक सय ७३ मत प्राप्त गर्नुभएको छ। नेकपा एमालेका राम बहादुर गुरुङले ९५ मत पाउनुभएको छ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्रवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, सायै अन्य चर्मरोगहरु।

मलद्वार सम्बन्धी रोग : छारसूत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्न गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (नपुंसकता) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यु विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९९९४, ९८४६३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८०८६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# निर्वाचनले दिएको सन्देश

संविधान सभाले बनाएको संविधान पछि दोस्रोपटक प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न भएको छ।मंसिर ४ गते एकै चरणमा निर्वाचन भएको छ। एक जनाको प्रहरीको गोली लागेर दुखद निधन भएको छ। केही ठाउँमा झडप, केही ठाउँमा मतदान केन्द्र कब्जा र सत्ताको दुरुपयोग भएको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष, धाँधलीरहित बनाउ सरकारले दह्रो कदम चाल्न नसक्दा भयरहित वातावरणमा मतदान गर्ने अवस्था बन्न सकेन। विपक्षी दल विरुद्ध सत्तामा रहेका दलहरू मिलेर महागठबन्धन गर्दा मतदाताले रुचाएनन।सत्तामा बसेर जनता र कार्यकर्तालाई खाए खा नखाए घिच भन्ने अवस्था बनाउन खोज्दा युवाहरूले रुचाउने कुरै थिएन।

लोकतन्त्रमा रोजाईको मौका खोस्ने नेताहरूको कारण पनि मतदानमा सहभहुन उत्साहित भएनन। बालिग नागरिकहरू उत्साहपूर्वक मतदानमा सहभागी भएको विगत छ। प्रतिनिधिसभा र प्रदेशसभाको अघिल्लै निर्वाचनमा पनि करिब दुईतिहाइ मत खसेको थियो। यो चुनावमा त्यो सुखद विगत दोहोरिन सकेन, करिब ६१ प्रतिशत मात्रै मत खसेको आयोगको प्रारम्भिक तथ्यांक छ। गत स्थानीय चुनावमा पनि अघिल्लोका तुलनामा करिब १० प्रतिशत कम मत खसेको थियो। नेपालको तुलना आफ्नै विगतसित हुनुपर्छ। त्यस हिसाबले यस पटकको परिदृश्य सोचनीय छ।

ठूला साना दल सत्तामा पुगे पनि आफ्ना र आसेपासेको मात्र हित हेरेका, जनताको जीवन खुशी ल्याउने काम भएन।निर्वाचनमा विश्वासलाग्दा र जनताको मन छुने छुने मुद्दा पनि अघि नसारेका कारण नागरिकहरू मतदानप्रति अरुचि भएको बुझ्न सकिन्छ। राजनीतिक दलहरूबीच अराजनीतिक गठबन्धन, तालमेल,अयोग्य उमेदवार थोपर्ने, रोजगारीका लागि विदेशिने बढ्दो प्रवृत्ति लगायतका राजनीतिक-सामाजिक कारण पनि छन्। लोकतन्त्र आएको यति छोटो अवधिमै मतदानै गर्न मन नलाग्ने गरी नागरिकहरूमा राजनीतिप्रति यसरी वितृष्णा जाग्नु चिन्ताजनक छ। यसपटकको मतले पूर्वस्थापित राजनीतिक दलहरूप्रति कति वितृष्णा छ भन्ने छनक दिएको छ।

परिणाम जस्तोसुकै आए पनि संविधानसभानिर्मित संविधानको कार्यान्वयन भएको छ। संविधानलाई दिगो तुल्याउनु पनि आफैंमा चुनौती भएको सन्दर्भमा यो फड्को विशेष अर्थपूर्ण छ। लोकतन्त्रप्रति विश्वास राख्दै मतदाताहरूले सार्वभौम अधिकार राम्रोसँग गरेका छन्। गरेका छैनन्, आफ्नो नागरिक दायित्व पनि पूरा गरेका छन्। ठूला भनिएका दलका नेताले अहिलेका युवा र राज्यबाट राम्रो सेवा नपाएकाले राजनीतिप्रति अहिले व्याप्त वितृष्णा व्यवस्थाको विरुद्धमा जान सक्छ भन्ने सन्देश हो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# प्रतिनिधिसभा निर्वाचन : विजयी सुरुआतसँगै चर्चामा योगेश

–वासुदेव पौडेल/सन्तोष गौतम
पोखरा, ५ मंसिर (रासस)

यस पटकको प्रतिनिधिसभाको निर्वाचनमा विजयी सुरुआत गरेको नेपाली कांगेसको उम्मेदवार हुनुहुन्छ, योगेश गौचन थकाली। उहाँले नेकपा (एमाले)का उम्मेदवार प्रेमप्रसाद तुलाचनलाई पराजित गर्दै सङ्घीय संसद्को यात्रा तय गर्नुभएको हो।

मुस्ताङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित योगेश २९ वर्षको हुनुहुन्छ। कांग्रेसले उठाएका उम्मेदवारमध्येका सम्भवतः कान्छा योगेशतर्फ यतिखेर सबैको ध्यान आकृष्ट भएको छ।

निवर्तमान सांसद नेकपा (एमाले) का केन्द्रिय सदस्य तुलाचनलाई नौ सय १४ मतान्तरले पछि पार्दै गौचन विजयी हुनुभएको हो। प्रतिनिधिसभा सदस्यमा एक निर्वाचन क्षेत्र रहेको मुस्ताङमा चार जना प्रतिस्पर्धामा थिए। राष्ट्रिय स्वतन्त्र पार्टीका सुदेश गुरुङले ८७ र राप्रपाका प्रवीणकुमार शेरचनले १३ मत पाउनुभयो। कांग्रेसका गौचन पाँच दलीय गठबन्धनबाट उम्मेदवार बन्नुभएको थियो।



कांग्रेसको गण्डकी प्रदेश सदस्य योगेश कांग्रेसका जिल्ला सभापतिसमेत रहेका पूर्वमन्त्री रोमी गौचन थकालीका छोरा हुनुहुन्छ। विसं २०५० वैशाख २७ गते मुस्ताङको थासाङ गाउँपालिका लेतेमा जन्मनुभएका योगेशले ब्याचलर अफ विजनेश म्यानेजमेन्टको अध्ययन गर्नुभएको छ। होटेल कालोपानी लेते मुस्ताङ र पोखरामा त्रिथुङ्गा होल सञ्चालन गर्दै आउनुभएका उहाँ ट्राभल्स एण्ड टुर्स प्रालिको प्रबन्ध निर्देशकका साथै मुस्ताङमा किबीखेतीसँगै व्यावसायिक कृषिमा सहभागी बन्नुभएको छ।

जिल्लामा नेपाल विद्यार्थी सङ्घबाट राजनीति सुरु गर्नुभएका उहाँ नेविसङ्घको राजनीतिसँगै भूगोलमा पनि जोडिनुभएको थियो। उहाँ पार्टीको जिल्ला कार्यसमिति सदस्य पनि सानै उमेरमा बन्नुभएको थियो। उहाँ पार्टीको साविक लेते गाउँसभापति पनि बन्नुभएको थियो। हाल पार्टीको महासमिति सदस्य रहेका उहाँ गण्डकी प्रदेश कार्यसमितिमा रहनुभएको छ।

प्रेमले २०७४ को चुनावमा योगेशका बुबा रोमीलाई चार सय ८५ मतान्तरले पराजित गर्नुभएको थियो। विसं २०७० को चुनावमा कांग्रेसका रोमी कांग्रेसबाट बागी उठेका प्रेमलाई १३ मतान्तरले पराजित गर्दै निर्वाचित हुनुभएको थियो। मुस्ताङको थासाङ गाउँपालिका-३ लेते कालोपानीका योगेश र प्रेम साला भेना पर्नुहुन्छ। रोमी (योगेशका बुबा) र प्रेम मामा-फूपूका छोरा हुनुहुन्छ। रोमीले आफूलाई आएको प्रतिनिधिसभा सदस्यको टिकट मनोनयन दर्ताका क्रममा छोरा योगेशलाई थमाउनुभएको थियो। विसं २०४७ पछि मुस्ताङमा नेपाली कांग्रेसले अहिलेसहित चार पटक र नेकपा एमालेले दुई पटक संसदीय निर्वाचन जितेका छन्।

विसं २०७४ मा एमाले प्रवेश गरेका प्रेम रोमीलाईपछि पार्दै दोस्रो प्रयासमा संसद् छिर्नुभएको थियो। दोस्रो पटक सांसद छिर्ने प्रेमको योजना योगेशले असफल बनाउनुभयो। रोमी २०५६ मा पनि मुस्ताङबाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो। रोमी २०७३ मा वाणिज्यमन्त्री हुनुहुन्थ्यो। विसं २०७४ को चुनावमा मुस्ताङको प्रतिनिधिसभा र दुई वटा प्रदेशसभा सदस्यमा एमालेले जितेको थियो। नयाँ र युवा उम्मेदवारप्रति मतदाताको आकर्षण, गठबन्धनमा आबद्ध दलको साथ र स्वतन्त्र मतदाता आफ्नो पक्षमा रहेकाले चुनाव जित्ने योगेशको दाबी थियो।

योगेशले चीनको सिमानामा रहेको कोरला नाका सञ्चालन गर्न चीनसँग कूटनीतिक प्रयास र त्यहाँ जोड्ने सडक पूर्वाधार तयार पार्ने मुद्दालाई प्राथमिकता दिने निर्वाचनका क्रममा बताउनुभएको थियो। जोमसोम-कोरला सडक कालोपत्र गर्ने र बेनी-जोमसोम सडकलाई स्थायी र दीर्घकालीन निकास दिन पहल गर्ने मतदाता समक्ष प्रतिबद्धता जनाउनुभएको थियो।

# देशभरका शिवालयमा महादीपान सुरु, पशुपति क्षेत्रमा लाखौँ भक्तजन

–पूर्णप्रसाद मिश्र
काठमाडौं, ५ मंसिर (रासस)

पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा दिवङ्गत पितृको सद्गतिको कामना गर्दै महादीपदान सुरु भएको छ। प्रत्येक वर्ष मार्गशीर्षकृष्ण त्रयोदशीका दिन पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा दिवङ्गत पितृको सद्गतिको कामना गर्दै महादीपदान पर्व मनाइन्छ। यो पर्वलाई पशुपतिनाथ मेलाका रूपमा समेत चिनिन्छ। महादीपदान गर्न आज बिहानदेखि पशुपति क्षेत्रमा भक्तजनको चहलपहल सुरु भएको थियो।

मार्गशीर्ष कृष्ण त्रयोदशीका बिहानदेखि भेला भएका भक्तजनले अहिले बेलुकी विधिपूर्वक पितृका नाममा बत्ती बाल्न थालेका छन्। चतुर्दशीका दिन मङ्गलबार बिहान भने दिवङ्गत पितृको सद्गतिको कामना गर्दै शतबीज छरिन्छ। त्रयोदशीको बेलुकीदेखि दिवङ्गत पितृका नाममा अखण्ड महादीपदान गरी बसेका भक्तजनले चतुर्दशीको बिहान पितृको सद्गतिको कामना गर्दै शतबीज छर्ने परम्परा छ।

दिवङ्गत पितृका नाममा महादीपदान गर्न लाखौँ भक्तजन पशुपति क्षेत्रमा आएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। बत्ती बाली भक्तजन रातभर शिवालयमा जाग्राम बस्छन्। आज रातभर दीपदान गरी बसेका भक्तजनले मङ्गलबार बिहानै पितृको सम्झनामा शतबीज छरी बालाचतुर्दशी पर्व मनाउँछन्।

प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बालाचतुर्दशी पर्व मनाउन देशका विभिन्न स्थानबाट भक्तजन पशुपतिनाथमा आउँछन्। बत्ती बाल्न बस्ने ठाउँ रोक्न बिहानैदेखि देशका विभिन्न स्थानबाट आएका भक्तजनको पशुपतिमा भीड लाग्ने गरेको हो। जाडोको मौसम भएकाले पाललगायत व्यवस्था गरिएको कोषले जनाएको छ। पशुपति क्षेत्रमा आज बिहानैदेखि सुरक्षाकर्मीलगायतको बाक्लो उपस्थिति रहने गरी व्यवस्था मिलाइएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो।

आफ्नो परिवारभित्रका दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै एक सय आठ शिवलिङ्ग, कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, पशुपति, मृगस्थली, विश्वरूप र किराँतेश्वर आदि ठाउँमा शतबीज छर्ने गरिन्छ। बालाचतुर्दशीको पूर्वसन्ध्या मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन राति भक्तजनले पशुपतिनाथको मन्दिर वरपर बसी दिवङ्गत आत्माका नाममा महादीप बाली भजनकीर्तन र लोक झाँकी प्रस्तुत गरी रात बिताउँछन्।

शतबीज भनिए पनि हाल सप्तबीज (धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनो) छर्दै मृगस्थलीमा रहेका बहिरा गणेश नजिक आइपुगेपछि उक्त गणेशको शिलालाई हल्लाउँदै ठूलो स्वरले दिवङ्गत आत्माले पाउने गरी सन्देश पुऱ्याउन अनुरोध गरिन्छ। हेमाद्रि नामक धर्मग्रन्थमा उल्लेख गरिएअनुसार शतबीज भन्नाले धानका सय गेडा छर्नुपर्ने अरू अन्न होइन भन्नुहुन्छ, धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम। "भगवान् शिव मृगरूप लिएर घुम्नुभएको पुण्यक्षेत्रमा आजका दिन एक गेडा बीज छर्दा एक गेडा सुन दान गरे बराबरको पुण्य मिल्ने र दिवङ्गत आत्माले पनि मुक्ति पाउने चर्चा विभिन्न धर्मग्रन्थमा गरिएको छ", उहाँले भन्नुभयो।

वाग्मती किनारको मृगस्थलीमा भगवान् शिव मृगरूप धारण गरेर विहार गर्नुभएको थाहा पाई त्यस शिवरूपी मृगलाई चिन्न पार्वतीले विभिन्न किसिमको बीज छरेको र ती बीज उम्री हरिया भएपछि मृगहरू आउँदा सो बथानमा भगवान् शिवलाई पार्वतीले चिन्न सकेको किंवदन्ती छ।

यसैगरी बालाचतुर्दशीसँग जोडिएको अर्को एउटा कथा पनि छ। सो कथाअनुसार उहिले पशुपतिको मुर्दाघाटमा बस्ने 'बालानन्द' नामका एक मानिस खाजा खान लाग्दा त्यसै बखत पोलिएको शवको टाउको फुट्न गई उछिट्टिएको गिदी उनको च्युरामा परेको थियो। सो गिदीसँगै च्युरा खाँदा झन् मीठो भएकाले त्यसै बेलादेखि उनी मुर्दाको गिदी खान पल्किए।

त्यसपछि मानिसको गिदी खाने तथा लामालामा दाह्री, जुँगा र कपालले गर्दा मानिस डराई उसलाई बालासुर राक्षस भन्न थालेको र त्यसै बखत उसको राम्रो परिचय पाएका एकजना थकाली बूढाको सल्लाहअनुसार स्थानीय बासिन्दाले बालासुरको मित वृषसिंहमार्फत् उसलाई मार्न लगाएको कथा पनि प्रचलित छ। आफ्ना मितको हत्याबाट छट्पटाएका वृषसिंहलाई एक रात सपनामा भगवान् शिवजीले दर्शन दिई शतबीज छर्ने आज्ञा दिनुभएको थियो। मार्गकृष्ण चतुर्दशीका दिन श्लेषमान्तक वनको वरिपरि शतबीज छर्दा बालासुर वैतरणी तरेर गएकाले त्यसै बेलादेखि यस दिनलाई बालाचतुर्दशी भनी दिवङ्गत आत्माको शान्तिका लागि शतबीज छर्ने गरिएको हो।

मातापिता दिवङ्गत भई एक वर्ष पूरा नभएकाले भने शास्त्रीय रूपमा दीपदान एवं शतबीज रोपण गर्नुनहुने धर्मशास्त्रविद् गौतमले सुनाउनुभयो। धर्मसिन्धु नामक ग्रन्थमा बरखी बारेकाले शिवको पूजाआजा त परको कुरा नामसमेत लिनु नहुने उल्लेख गरिएको छ। यस अवसरमा पशुपति क्षेत्र पुग्ने भक्तजनले वासुकी र गुह्येश्वरीको पूजा गर्नुपर्ने शास्त्रीय वचन रहेको जनाइएको छ।

पशुपतिनाथसँगै राजधानीका गोकर्णेश्वर, डोलेश्वर, वसन्तपुर स्थित सानो पशुपतिनाथलगायत शहर बजारका अन्य शिवालयमा पनि भक्तजनको भीड लागेको छ। जुनसुकै शिवालयमा पनि महादीपदान एवं शतबीज छर्न सकिने पण्डित श्रीराम सापकोटा बताउनुहुन्छ।

**महादीपदान गर्नेसँग शुल्क लिइँदैन : पशुपति क्षेत्र विकास कोष**

पशुपति क्षेत्रमा महादीपदान गर्न आउने भक्तजनसँग कुनै शुल्क नउठाइने कोषले जनाएको छ। कोषले शुल्क नलिने भए पनि केही मानिसले भक्तजनसँग शुल्क उठाउने गरेको सूचना पाएकाले महादीपदान छोडेर जाने भएमात्र कोषका तर्फबाट रु एक हजार पाँच सय पाँचको रसिद काट्न आह्वान गरिएको संस्कृति संरक्षण महाशाखा प्रमुख उपनिर्देशक गौरीशङ्करपराजुलीले जानकारी दिनुभयो। सोमबार रातभर आफैँ महादीपदान कुरेर बस्ने भक्तजनले कुनै शुल्क तिर्नुनपर्ने उहाँले बताउनुभयो। दीप कुरेर बस्ने भक्तजनसँग कसैले पैसा मागेमा प्रहरीलाई खबर गर्न पनि उपनिर्देशक पराजुलीले अनुरोध गर्नुभएको छ। यस्तो समूहलाई कानुनबमोजिम कारबाही गरिनेछ। पशुपति क्षेत्रमा अग्नि नियन्त्रकको व्यवस्था गरिएको छ। दीपदानको पर्व भएकाले आगलागीको सम्भावित खतरा नियन्त्रणका लागि अग्नि नियन्त्रक यन्त्रको व्यवस्था गरिएको हो। यसैगरी महादीपदान गर्न आउने भक्तजनका लागि पर्याप्त मात्रामा त्रिपालको व्यवस्था गरिएको छ। भक्तजनलाई चिसो नहोस् भनेर गत वर्षभन्दा बढी त्रिपालको व्यवस्था गरिएको हो। मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बिहान स्नान गर्न भक्तजनका लागि विभिन्न स्थानमा अस्थायी धाराको व्यवस्था पनि गरिएको छ।

यसैगरी लाखौँ भक्तजनका लागि ठाउँठाउँमा अस्थायी शौचालय स्थापना गरिएको छ। बिहान बेलुका जाडो बढेकाले पशुपति क्षेत्रका विभिन्न स्थानमा धुनी जगाउन दाउराको व्यवस्था गरिएको छ। भष्मेश्वर, बोडेपाटी, रामन्दिर, बाहिरी पश्चिम मूल ढोकालगायत स्थानमा धुनी जगाइने कोषका प्रवक्ता अधिकारीले जानकारी दिनुभयो।

# रुपन्देही निर्वाचन क्षेत्र नं ४, मतगणना रोकियो

रासस
काठमाडौं, ५ मंसिर

रुपन्देही निर्वाचन क्षेत्र नं ४ मा मतगणना रोकिएको छ। सदर र बदर मतको विषयमा लिएर विवाद हुँदा मतगणना रोकिएको हो।

क्षेत्र नं ४ का निर्वाचन अधिकृत देवेन्द्र आचार्यका अनुसार प्रतिनिधिसभा सदस्यका लागि चार हजार आठ सय ४३ मतगणना भएको छ। जसअनुसार साइकल चुनाव चिह्नले एक हजार आठ सय ८३ मत, रूख चिह्नले एक हजार तीन सय ४० मत, लाउडस्पिकर चिह्नले एक हजार ३३ मत प्राप्त गरेका छन्।

यो बाहेकको तथ्याङ्क आधिकारिक नभएको निर्वाचन अधिकृत आचार्यले बताउनुभयो। फरक मतपेटिकामा फरक मत देखिएकाले त्यस्तो मतलाई सदर गर्ने कि बदर गर्ने विषयमा सो क्षेत्रमा विवाद हुँदा मतगणना रोकिएको छ। निर्वाचन अधिकृत आचार्यले यस विषयमा सर्वदलीय बैठक बसी सहमतिको प्रयास भइरहेको बताउनुभयो। उहाँले आधा घण्टाभित्रै मतगणना सुरु गरिने जानकारी दिनुभयो।

# बागलुङमा पनि थालियो मतगणना

पोखरापत्र संवाददाता
बागलुङ, ५ मंसिर

बागलुङ निर्वाचन क्षेत्र नं १ र क्षेत्र नं २ को मतगणना सुरु भएको छ।

सोमबार दिउँसो साढे ४ बजेदेखि मत गन्न सुरु भएको हो। मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला समन्वय समितिको भवन बागलुङमा क्षेत्र नं १ र निर्वाचन अधिकृतको कार्यालय ढोरपाटन नगरपालिका-१ बुर्तिबाङमा क्षेत्र नं २ को मतगणना भइरहेको छ।

आइतबारको निर्वाचनमा बागलुङमा ५५ प्रतिशत मतदान भएको बताइएको छ। गत स्थानीय निर्वाचनमा ६९ प्रतिशत मतदान भएको थियो। जिल्लामा प्रतिनिधिसभा र दुईवटा प्रदेशसभा क्षेत्र रहेको छ। प्रतिनिधिसभाको क्षेत्र नं १ मा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र नेकपा एमालेका केन्द्रीय सदस्य डा सूर्य पाठकलगायत चुनावी मैदानमा हुनुहुन्छ भने क्षेत्र नं २ मा शिक्षामन्त्री तथा नेकपा माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेललगायत चुनावी मैदानमा हुनुहुन्छ।

**रक्तदान जीवनदान**

# अलैँचीबाट आत्मनिर्भर बन्दै माछापुच्छ्रे गाउँपालिका

–जमुना वर्षा शर्मा

पोखरा, ५ मंसिर (रासस)



कृषिका लागि निकै उर्बर मानिने कास्कीको माछापुच्छ्रे गाउँपालिकाका किसान अहिले अलैँचीमा आत्मनिर्भर हुँदैछन् । नगदेबाली अलैँचीखेतीले राम्रो प्रतिफल दिन थालेपछि यसतर्फ स्थानीयको आकर्षण बढेको हो ।

माछापुच्छ्रे-८ कोलेलीका कृषक नरेशराज लामिछानेले करिब ७० रोपनी जग्गामा व्यावसायिकरुपमा अलैँची खेती गर्न थाल्नुभएको छ । ज्योति अर्गानिक कृषि फर्मका सञ्चालकसमेत रहनुभएका लामिछाने भन्नुहुन्छ, "अन्य बालीभन्दा अलैँचीबाट राम्रो मुनाफा भएपछि यसतर्फ ध्यान जान थाल्यो ।" उहाँले सेपिलो बाँझो जग्गामा अलैँचीखेती हुनेहुँदा खेर गएको जग्गाको उपयोग भएको बताउनुभयो ।

स्थानीय किसानले २०५०/५१ सालतिर अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) मार्फत इलाम र ताप्लेजुङ भ्रमणमा गएको बेला त्यहाँबाट अलैँचीको रामसाइँ र गोलसाइँ जातका केही बेर्ना ल्याएर रोपेका थिए । यसले राम्रो उत्पादन दिएपछि स्थानीयवासी अलैँचीको व्यावसायिक खेतीतर्फ आकर्षित हुन थालेका हुन् । त्यतिबेला रोपेको अलैँचीको बेर्नाले अहिलेसम्म पनि फल दिइरहेको छ । एकचोटीको लगानी र मेहनतको प्रतिफल लामो समयसमम पाइने भएकाले पनि किसानको रोजाइमा पर्दै गएको उहाँ बताउनुहुन्छ ।

लामिछानका अनुसार पछिल्लो समय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट अलैँची क्षेत्र कार्यक्रममार्फत अनुदान प्राप्त हुन थालेपछि यस क्षेत्रका किसानको रुची अझ बढेको हो । परियोजनाको अनुदानमा उक्त क्षेत्रमा ११ वटा अलैँची सुकाउने आधुनिक भट्टी पनि निर्माण गरिएको छ ।

त्यसैगरी पोखरा-२५ हेम्जाका भुवनेश्वर पौडेलले पनि अहिले माछापुच्छ्रे गाउँपालिका-६ धिताल गाउँमा व्यावसायिक अलैँची खेती सुरु गर्नुभएको छ । सरकारी सेवाबाट अवकास लिएपछि कृषि कर्ममा लाग्नुभएका पौडेल अहिले अलैँची खेतीबाट निकै उत्साहित हुनुहुन्छ । माछापुच्छे एग्रो सेन्टर प्रालिका अध्यक्षसमेत रहनुभएका पौडेलले सुरुमा परीक्षणका लागि करिब सात रोपनी क्षेत्रफलमा मात्र अलैँची लगाएको र उत्पादन राम्रो भएपछि क्षेत्र विस्तार गरेर व्यावसायिक खेती गरेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "लगाएको दुई वर्षमा नै एक क्विन्टल बढी अलैँची उत्पादन भयो, यसले हामीलाई उत्साहित बनायो ।"

विसं २०७५ मा करिब एक सय ६० रोपनी जग्गा खरिद गरी कृषि कर्मको बाटोमा लाग्नु भएका पौडेलले ६० रोपनी क्षेत्रफलमा अलैँची खेती गर्नुभएको छ । उहाँले अहिले क्षेत्र विस्तार गरेर थप एक लाख अलैँचीका बेर्ना रोप्नु भएको छ । यसबाहेक कालिज, स्थानीय जातका कुखरा, एभोगाडो, जापानिज कडुस पनि उहाँको फर्ममा देख्न सकिन्छ । माछापुच्छ्रे मर्दी खोला अलैँची ब्लक क्षेत्र सञ्चालक समितिका अध्यक्ष दिपक पौडेलले उत्पादित अलैँची ब्लकको समन्वयमा बिर्तामोड केन्द्रमा लगेर बिक्री गरिने बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाको वडा नं २, ६, ७, ८ र ९ का स्थानीयवासीले व्यावसायिकरुपमै अलैँची खेती गरेका छन् भने बाँकी वडाका किसानले पनि चासो राख्न थालेका छन् ।

यस्तै मादी गाउँपालिकाको वडाहरु १,२,३, ८, १० र ११, अन्नपूर्ण गाउँपालिकाको वडा १, ३,४, ७, १० र ११ तथा पोखरा महानगरपालिकाको वडा नं १६ र १९ मा अलैँची क्षेत्रसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ । अहिले गाउँपालिकाबाट मात्रै करिब २५ हजार केजी उत्पादन भएको छ । गाउँपालिकाले अलैँचीबाट वार्षिक रु दुई करोड ५० लाख भित्र्याएको पौडेलले बताउनुभयो । गाउँपालिकाका केही वडा अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने भएकाले वन क्षेत्रमा रुखका हाँगाबिँगा छिमल्दा पनि संरक्षण क्षेत्रबाट समस्या हुने गरेको किसानहरुको गुनासो छ । अलैँची क्षेत्रलाई ध्यान दिएर एक्यापले सहजीकरण गर्नुपर्ने उहाँको भनाइ छ । अलैँचीले रोपेको तीन वर्षबाट उत्पादन दिन थाल्छ । अघिल्लो वर्ष रु ११ सय प्रतिकेजीमा बिक्री भएको अलैँची अहिले केही मूल्य घटेकाले उचित मूल्यको पर्खाइमा किसान रहेका छन् । भारतीय व्यापारीले अलैँचीको मूल्य निर्धारण गर्ने र त्यसै आधारमा खरीद बिक्री हुने हुँदा मूल्य घटबढ भइरहने हुन्छ ।

पछिल्लो समय नेपालबाट निर्यात हुने वस्तुमा अलैँची पनि पर्न थालेको छ । विदेशबाट ठूलो मात्रामा ल्वाङ, सुकमेलजस्ता मसलाजन्य सामग्री आयात गर्छ । यस भेगमा उत्पादन हुने अलैँचीलाई पनि निर्यात गर्न सके विदेशी मुद्रा आर्जन गर्न सहज हुने गाउँपालिका-८ का अध्यक्ष रामबहादुर गुरुङ बताउनुहुन्छ । गाउँलाई कृषिमै आत्मनिर्भर बनाउन ज्ञान केन्द्र र गाउँपालिकाको सहयोगमा वडाका किसानलाई आलुको विऊ पनि निःशुल्क वितरण गरेको उहाँले जानकारी दिनुभयो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका परियोजना कार्यान्वयन एकाइ कास्कीका प्रमुख वरिष्ठ कृषि अधिकृत रोशन अधिकारी कास्कीका माछापुच्छे, अन्नपूर्ण र मादी गाउँपालिका विभिन्न वडामा अलैँची खेतीलाई अनुदान दिइएको र त्यसको प्रतिफल पनि राम्रो पाइएको बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "माछापुच्छ्रे गाउँपालिमा अलैँचीको व्यावसायिक खेती निकै राम्रो छ, किसानले उत्साहित रुपमा व्यक्तिगत र समूहमा गरेर अलैँची खेती गरेका छन् ।" उहाँले क्रमशः अलैँची खेतीको क्षेत्र विस्तार भएकाले आगामी दिनमा उत्पादन बढ्ने र गाउँ अलैँचीबाटै आत्मनिर्भर हुने अवस्थामा रहेको उल्लेख गर्नुभयो । उहाँका अनुसार अनुदानबाट सिँचाइ र अलैँची सुकाउने आधुनिक भट्टी निर्माणमा ८५ प्रतिशत अनुदान उपलब्ध गराइएको छ भने क्षेत्र विस्तार कार्यक्रम, चक्लाबन्दी, उपकरण, नर्सरी, अलैँचीको बेर्नालगायतमा ५० प्रतिशत अनुदान दिने गरिएको छ ।



जिल्ला समन्वय समितिको सभाहलमा सोमबार कास्की निर्वाचन क्षेत्र नं ३ को मतगणना गरिँदै । तस्बिर : कृष्ण दवाडी/रासस

# पाँच जिल्लाका मतपेटिका सङ्कलन गर्न हेलिकप्टर

रासस

काठमाडौं, ५ मंसिर

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत पाँच जिल्लाको सडक यातायात सुविधाको पहुँच नभएका स्थलबाट मतपेटिका तथा निर्वाचन सामग्री सम्बन्धित जिल्ला सदरमुकाम तथा मतगणनास्थल ल्याउन नेपाली सेनाको हेलिकप्टर प्रयोग भएको छ ।

निर्वाचन आयोगले नेपाली सेनाको युद्ध कार्य निर्देशनालयलाई उपयुक्त हवाई साधनबाट मतपेटिका ढुवानी गर्न जिम्मेवारी दिएपछि सामग्री ल्याउन थालिएको हो । आयोगका अनुसार हुम्लाको अदानचुली गाउँपालिका, चङ्खेली गाउँपालिका, ताँजाकोट गाउँपालिका र सर्केगाड गाउँपालिकाका गरी ३४ वटा मतदान केन्द्रका मतपेटिका तथा निर्वाचन सामग्रीहरू जिल्ला सदरमुकाम सर्केगाड बजार तथा सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिकाका नौवटा मतदान केन्द्रका मतपेटिका तथा निर्वाचन सामग्री जिल्ला सदरमुकाम नाम्चे ल्याउन हेलिकप्टर प्रयोग भएको छ । यस्तै बझाङको साइपाल गाउँपालिकाको तीनवटा मतदान केन्द्रका मतपेटिका तथा निर्वाचन सामग्री एकाङ्कुरी डाँडा ल्याउन, गोरखा जिल्लाको चुमनुब्री गाउँपालिकाका २२ मतदान केन्द्रका मतपेटिका तथा निर्वाचन सामग्री जिल्ला सदरमुकाम गोरखाबजार ल्याउन हेलिकप्टर प्रयोग गरिएको छ । त्यसैगरी मनाङको नार्पाभूमि गाउँपालिकाको पाँच मतदान केन्द्रका मतपेटिका तथा निर्वाचन सामग्री जिल्ला सदरमुकाम चामे ल्याउन र सङ्खुवासभाको भोटखोला गाउँपालिकाको चार मतदान केन्द्रका मतपेटिका तथा निर्वाचन सामग्री सदरमुकाम खाँदबारी ल्याउन हेलिकप्टर प्रयोग भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

# पर्वत कांग्रेसका जोशीको शुरुआती अग्रता

पोखरापत्र संवाददाता

पर्वत, ५ मंसिर

जिल्ला निर्वाचन कार्यालय पर्वतका अनुसार यहाँ एक लाख २२ हजार छ सय ४९ जना मतदाता छन् ।

निर्वाचनमा ५४ प्रतिशत मात्रै मत खसेको कार्यालयले जनाएको छ । पर्वतमा सत्तारूढ गठबन्धन, नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा लगायतका दलका उम्मेदवार मैदानमा छन् । पर्वतमा प्रतिनिधिसभा सदस्यमा लोकतान्त्रिक-वाम गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका उम्मेदवार अर्जुन जोशी र नेकपा एमालेका उम्मेदवार पदम गिरीबीच प्रतिस्पर्धा हुने बताइएको छ । प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको मतगणना जारी छ । भर्खरै सार्वजनिक भएको आठ सय मतगणनाको मतपरिणाममा गठबन्धनका उम्मेदवार अर्जुनप्रसाद जोशीको अग्रता देखिएको छ । जोशीले तीन सय ५८ मत प्राप्त गर्दा एमालेका उम्मेदवार पदम गिरीले तीन सय ४२ मत प्राप्त गर्नुभएको छ । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका जालबहादुर पाइजाले ९९ मत प्राप्त गर्नुभएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय जिल्ला अदालतमा दिउँसो सवा ४ बजेदेखि मतगणना सुरु भएको हो । जिल्लामा एक प्रतिनिधिसभा र दुई प्रदेशसभा निर्वाचन क्षेत्र रहेको पर्वतमा ६६ हजार दुई सय ७३ मत खसेको छ । मतगणनामा प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीतर्फको जलजला गाउँपालिका भोटेडाँडा केन्द्र र पैयुँ गाउँपालिकाको टकलाक (क) केन्द्रको मतगणना सुरु भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय पर्वतका प्रवक्ता राजु ढुङ्गानाले जानकारी दिनुभयो ।

# यू-१९ क्रिकेट अनुराग सिंहको कप्तानीमा सुदूरपश्चिमको टोली घोषणा

रासस

काठमाडौं, ५ मंसिर

काठमाडौँमा हुने वाइवाइ यू-१९ पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागी हुन सुदूरपश्चिम प्रदेशको टोली घोषणा गरिएको छ ।

सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घले अनुराग सिंहको कप्तानीमा १८ खेलाडीको नामावली सार्वजनिक गरेको प्रादेशिक जिल्ला क्रिकेट सङ्घका कञ्चनपुरका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले जानकारी दिनुभयो । टिममा कैलास ऐर (उपकप्तान), सुनिल चन्द (विकेटकिपर), दीपक बोहरा (ए) दीपक बोहरा (बी), मिलन बोहरा, आकाश चन्द, गजेन्द्र बोहरा, हेमन्त धामी, अशोक धामी, नरेन साउँद, युवराज खत्री, विशाल ऐर र विपिन धामी रहेका छन् । वैकल्पिक खेलाडीमा सञ्जय बोहरा, वीरेन्द्र वम, दिनेश ओड र प्रदीप चन्द रहेका छन् । टोली प्रशिक्षकमा धीरेन्द्र चन्द रहेको कञ्चनपुर जिल्ला क्रिकेट सङ्घ अध्यक्ष वीरेन्द्र चन्दले बताउनुभयो । "छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका आधारमा छनोट समितिले टिम घोषणा गरेको हो", उहाँले भन्नुभयो, "मङ्गलबार टोली काठमाडौँ प्रस्थान गर्नेछ ।" गत कात्तिक २५ देखि मङ्सिर १ गतेसम्म महेन्द्रनगरमा छनोट प्रतियोगिता भएको थियो । नेपाल क्रिकेट सङ्घको आयोजनामा मङ्सिर ८ गतेदेखि काठमाडौँमा वाईवाई यू १९ राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदैछ ।

# नार्पाभूमिको मतपेटिका हेलिकप्टरमार्फत ल्याइने

रासस

मनाङ, ५ मंसिर

हिमाली जिल्ला मनाङको सबैभन्दा उचाइ र विकट क्षेत्रको मतपेटिका सोमबार हेलिकप्टरमार्फत ल्याइने भएको छ । यहाँको मौसम अनुकूल भएपछि हेलिकप्टरमार्फत मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा ल्याइने भएको हो ।

हालसम्म सडक पहुँचमा नपुगेको नार्पाभूमि गाउँपालिकाका सबै मतदान केन्द्रबाट मतपेटिका हेलिकप्टरमार्फत ढुवानी गरिने जिल्ला निर्वाचन अधिकारी पुष्पराज शर्माले बताउनुभयो । "चार हजार दुई सय मिटर उचाइमा रहेको मतदान केन्द्रबाट मतपेटिका ल्याउँदा हिउँमा समस्या हुनसक्छ भनेर हेलिकप्टरको व्यवस्थापन गरिएको हो", उहाँले भन्नुभयो ।

"जिल्लाका अन्य मतदान केन्द्रबाट आइतबार नै मतपेटिका आइपुगेको छ । नार्पाभूमि विकट र चिसोका कारण मतपेटिका ल्याउन समस्या भएकाले हेलिकप्टरमार्फत ल्याउने व्यवस्था भएको छ", उहाँले भन्नुभयो, "मतपेटिका आएपछि सर्वदलीय बैठक बसेर मतगणना सुरु गर्ने तयारीमा छौँ ।" जिल्लामा कूल ७१ दशमलव ४६ प्रतिशत मत खसेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

जिल्ला कारागार मनाङको अस्थायी मतदान केन्द्रबाट दुई कैदीबन्दीसहित राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मी गरी ९८ जनाले मतदान गरेका थिए । राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मीका पाँच महिलाले अस्थायी मतदान केन्द्रमार्फत मतदान गरेका हुन् । मतगणनाका लागि सम्पूर्ण तयारी पूरा भएको शर्माले बताउनुभयो ।

प्रतिनिधिसभा प्रत्यक्ष, समानुपातिक, प्रदेशसभा प्रत्यक्ष र समानुपातिक मतगणनाका लागि स्थल तयार भएको मुख्य निर्वाचनको कार्यालयले जनाएको छ । प्रदेश '१'मा दुई हजार छ सय २४ र प्रदेश '२'मा चार हजार एक सय ५५ गरी कूल छ हजार सात सय ७९ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस, पोखरा

**१. Computer सप्लाई गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

यस क्याम्पसका कक्षाकोठाहरुमा अध्यापनका लागि गुणस्तरीय ८ थान Desktop Computer, ८ थान Multiplug सप्लाई गरी जडान गर्नुपर्ने भएको हुँदा भ्याट बाहेक रु. ५,९८,०००।- मा नबढाई सप्लाई गरी जडान गर्न इच्छुक, कालो सूचीमा नपरेका Computer सम्बन्धी सामानहरु सप्लाई गर्न आधिकारिक ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७९/०८/१५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**२. डोम टेण्ट सप्लाई गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

यस क्याम्पसबाट संचालन हुने शैक्षिक भ्रमणका लागि फिल्डमा प्रयोग गर्ने गुणस्तरीय २० थान (६' x ८.५' साइजका) डोम टेण्ट आवश्यक भएको हुँदा भ्याट बाहेक रु. ५,६०,०००।- मा नबढाई टेण्ट सप्लाई गर्न इच्छुक, कालो सूचीमा नपरेका आधिकारिक ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७९/०८/१५ गतेभित्र रीतपूर्वकको शीलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख